# बीमा अभिकर्ता सम्बन्धी निर्देशन, २०८३

स्वीकृत मितिः २०८३/०१/१०

प्रस्तावना: बीमा मध्यस्थकर्ताको रूपमा कार्यरत बीमा अभिकर्ताहरूको कार्यप्रणालीलाई थप व्यवस्थित, व्यावसायिक, पारदर्शी र जवाफदेही बनाउनुका साथै बीमितको हकहित संरक्षण गरी समग्र बीमा क्षेत्रको विश्वसनीयता अभिवृद्धि गर्न वाञ्छनीय भएकोले बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले यो निर्देशन जारी गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशनको नाम "बीमा अभिकर्ता सम्बन्धी निर्देशन, २०८३" रहेको छ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा:विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशनमा:-

(क) "इजाजतपत्र" भन्नाले ऐनको दफा ९१ बमोजिमको इजाजतपत्र सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले बीमा ऐन, २०७९ सम्झनुपर्छ।

(ग) "नियमावली" भन्नाले बीमा नियमावली, २०८१ सम्झनुपर्छ।

(घ) "प्राधिकरण" भन्नाले ऐनको दफा ३ बमोजिमको नेपाल बीमा प्राधिकरण सम्झनुपर्छ।

(ङ) "बीमा अभिकर्ता" भन्नाले बीमकको कर्मचारी बाहेक बीमकको तर्फबाट कमिसनको आधारमा काम गर्ने इजाजतपत्र प्राप्त बीमा मध्यस्थकर्ता व्यक्ति वा संस्था सम्झनु पर्छ सो शब्दले लघु जीवन र लघु निर्जीवन बीमा अभिकर्ता समेतलाई जनाउँछ।

(च) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम बीमा अभिकर्ता सम्बन्धी कार्य गर्न स्थापना भएको संगठित संस्था सम्झनुपर्छ।

## परिच्छेद- २

## इजाजतपत्र सम्बन्धी व्यवस्था

३. अनलाइन पोर्टल मार्फत निवेदन दिनु पर्ने: (१) बीमा अभिकर्ताको रुपमा काम गर्न चाहने व्यक्ति वा संस्थाले ऐनको दफा ९१ तथा नियमावलीको नियम ४१ बमोजिमका कागजात र नियमावलीको अनुसूची-७ बमोजिमको दस्तुर सहित नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा प्राधिकरणबाट तयार गरिएको अनलाइन पोर्टल मार्फत् निवेदन दिनु पर्नेछ।

नेपाल बीमा प्राधि... NEPAL INSURANCE AUTH...

(२) उपदफा (१) बमोजिमको निवेदन दिने व्यक्तिले नियमावलीको नियम ६३ बमोजिम बीमा अभिकर्ताको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

तर ऐनको दफा ९३ को उपदफा (७) बमोजिमको लघु जीवन बीमा अभिकर्ताले एक पटक परीक्षा उत्तिर्ण गरेको रहेछ भने अर्को समान किसिमको लघु जीवन बीमकको अभिकर्ता हुन पुनः परीक्षा दिनु पर्ने छैन।

(३) बीमा अभिकर्ता हुन चाहने संस्थाले कुनै खास प्रकारको व्यवसाय गर्ने रहेछ र त्यसको लागि कुनै निकायको इजाजतपत्र आवश्यक पर्ने रहेछ भने त्यस्तो इजाजतपत्र समेत प्राप्त गरेको हुनु पर्नेछ।

(४) ऐनको दफा ९५ को उपदफा (१) र नियमावलीको नियम ४२ को उपनियम (५) बमोजिम इजाजतपत्र खारेज भएको व्यक्ति वा संस्थाले पुनःइजाजतपत्र प्राप्त गर्न निवेदन दिँदा माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई) को शैक्षिक प्रमाणपत्र, प्राधिकरणबाट जारी भएको इजाजतपत्रको प्रतिलिपि र प्राधिकरणबाट सञ्चालन भएको अभिकर्ताको परीक्षा उत्तिर्ण भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

४. <u>इजाजतपत्र दिनुपर्नेः</u> (१) प्राधिकरणले सबै प्रक्रिया पुरा गरी निवेदन प्राप्त भएको सात कार्यदिन भित्र इजाजतपत्रको सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा अभिकर्ताको इजाजतपत्र दिन प्राधिकरणले इन्कार गरेकोमा सोको कारण सहितको जानकारी निवेदकलाई दिनुपर्नेछ।

५. <u>इजाजत दिन इन्कार गरिनेः</u> (१) देहायको कुनै अवस्थामा बीमा अभिकर्तालाई इजाजतपत्र दिइने छैनः-

(क) ऐन तथा नियमावली बमोजिम पेश गर्नुपर्ने विवरण तथा कागजात पेश नगरेमा,

(ख) निवेदकलाई बीमा अभिकर्ताको इजाजत दिँदा बीमितको हित संरक्षण हुन सक्ने नदेखिएमा,

(ग) संस्थागत निवेदकले पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र पेश नगरेमा,

(घ) निवेदक प्रचलित कानून बमोजिम कालो सूचीमा परेको भएमा,

(ङ) प्राधिकरणले ऐन तथा नियमावली बमोजिम कारबाही गरेको व्यक्ति त्यसरी कारबाही गर्ने निर्णय भएको मितिले तीन वर्षको अवधि पूरा नभएसम्म।

(च) दफा ७ बमोजिम निवेदक अयोग्य भएमा।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

६. <u>अयोग्यता</u>: देहायका व्यक्ति बीमा अभिकर्ता भई कार्य गर्न अयोग्य हुनेछः-

(क) नियम ४२ बमोजिम योग्यता नभएको वा नरहेको,

(ख) प्रचलित कानून बमोजिम दामासाहीमा परेको,

(ग) संस्थागत अभिकर्ताको हकमा कानून बमोजिम कालो सूचीमा परेको भए कालो सूचीबाट फुकुवा भएको मितिले एक वर्ष पूरा नभएको,

(घ) सम्बन्धित बीमकको बहालवाला लेखापरीक्षक वा परामर्शदाता वा बीमकसँग कुनै किसिमको स्वार्थ भएको,

(ङ) संस्थागत अभिकर्ताले प्रचलित कानून बमोजिम तिर्नुपर्ने करचुक्ता नगरेको,

(च) संस्थागत अभिकर्ताले निवेदन दिएको अघिल्लो आर्थिक वर्षसम्मको वित्तीय विवरणको लेखापरीक्षण नभएको।

७. <u>पेशागत योग्यता र क्षमता विकास</u>: प्रत्येक बीमकले नवीकरण अवधिभर इजाजतपत्र प्राप्त बीमा अभिकर्तालाई आफ्नो व्यावसायिक स्तर कायम राख्न कम्तीमा १५ (पन्ध्र) घण्टाको पेशागत विकास तालिम प्रदान गर्नुपर्नेछ। यस्तो तालिममा बीमाको प्राविधिक पक्ष, कानुनी व्यवस्था र बजार आचरणका विषयहरू समावेश हुनुपर्नेछ।

## परिच्छेद-३

## <u>लघु, कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता सम्बन्धी व्यवस्था</u>

८. <u>लघुबीमा अभिकर्ता</u>: लघुबीमा अभिकर्ताको प्रकार देहाय बमोजिम हुनेछः-

(क) लघु जीवन बीमा अभिकर्ता

(ख) लघु निर्जीवन बीमा अभिकर्ता।

९. <u>लघुबीमा अभिकर्ताको कार्य गर्न सक्ने</u> (१) देहायका संस्थाले संस्थागत लघुबीमा अभिकर्ताको रूपमा कार्य गर्न सक्नेछन्:-

(क) गैर सरकारी संस्था,

(ख) स्वावलम्बन समूह,

(ग) लघुवित्त वित्तीय संस्था,

(घ) सहकारी संस्था,

(ङ) कानून बमोजिम दर्ता भएको अन्य संगठित संस्था।

(२) बीमकले ऐनको दफा ७७ बमोजिम संस्थागत लघुबीमा अभिकर्तासँग सम्झौता गर्नु अघि उक्त संस्थाको ख्याति, विगतको कारोबार, कार्य क्षमता, निजसँग सम्बन्धित कानूनको परिपालना आदिको अध्ययन गरी उपयुक्त ठहरिएमा मात्र सम्झौता गर्नुपर्नेछ।

नेपाल बीमा प्राधिकरण * NEPAL INSURANCE AUTHORITY *

(३) लघुबीमा सम्बन्धी कार्य गर्ने लघुबीमा अभिकर्ताले एक भन्दा बढी बीमकको लघुबीमा अभिकर्ता भई कार्य गर्न सक्नेछ।

१०. **कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता:** (१) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी कार्य गर्न कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताको इजाजतपत्र प्राप्त गरेको हुनुपर्नेछ।

(२) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताको इजाजत प्राप्त गर्न नियमावलीको नियम ४२ को उपनियम (१) का अतिरिक्त देहायको योग्यता पुगेको हुनु पर्नेछः-

(क) कृषि वा पशु वा वनस्पति विज्ञानमा कम्तीमा एक बर्षको तालिम प्राप्त गरेको, वा

(ख) कृषि वा पशु वा वनस्पति विज्ञानमा सो भन्दा माथिल्लो योग्यता हासिल गरेको।

(३) कुनै संस्थाले कृषि, पशुपन्छी तथा जडीबुटी बीमा अभिकर्ताको रूपमा कार्य गर्न चाहेमा देहाय बमोजिमको योग्यता हासिल गरेको हुनुपर्नेछः

(क) प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपन्छी, जडिबुटी सम्बन्धी सहकारी संस्था वा कृषक समूह वा कृषि सम्बन्धी फर्म वा कम्पनी हुनुपर्ने, वा

(ख) संस्थाको उद्देश्यमा कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता भई कार्य गर्ने भन्ने उल्लेख भएको हुनुपर्ने, वा

(ग) संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा कुनै एक जना उच्च व्यवस्थापक भई कार्य गर्ने व्यक्ति उपदफा (२) बमोजिम योग्यता भएको हुनुपर्ने।

(४) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता सम्बन्धी अन्य व्यवस्था कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशन बमोजिम हुनेछ।

## परिच्छेद- ४

## बीमा अभिकर्ताको काम, कर्तव्य र अधिकार

११. **बीमा अभिकर्ताको काम, कर्तव्यः** बीमा अभिकर्ताले बीमकको तर्फबाट देहाय बमोजिमको काम वा कर्तव्य निर्वाह गर्नु पर्नेछः-

(क) प्राधिकरणबाट प्राप्त इजाजतपत्र साथमा राख्नु पर्नेछ र आवश्यकता अनुसार त्यस्तो इजाजतपत्र सम्बन्धित व्यक्ति तथा निकायलाई देखाउनु पर्नेछ,

(ख) बीमा व्यवसायका आधारभुत सिद्धान्त अन्तर्गत रही बीमकको तर्फबाट बीमा सम्बन्धी कार्य गर्ने वा गराउने,

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

(ग) बीमितलाई बीमालेखमा उल्लिखित सम्पूर्ण शर्त एवं सुविधा बारे बुझ्ने भाषामा पूर्ण रूपमा जानकारी गराउने,

(घ) बीमितले आफू अभिकर्ता भएको बीमकको बारेमा जानकारी माग गरेको खण्डमा कम्पनीको वित्तीय अवस्थाको बारेमा यथार्थ जानकारी गराउनु पर्ने,

(ङ) बीमितलाई प्रस्ताव फाराममा खुलाउनु पर्ने सम्पूर्ण विवरणहरु खुलाई सम्बन्धित कागजातहरु बीमितबाट प्राप्त गरी बीमक समक्ष पेश गर्नु पर्ने,

(च) प्रस्तावकले भर्नुपर्ने फाराम भराउनु पर्ने र यदि प्रस्तावक निरक्षर वा असमर्थ भए प्रस्तावकले विश्वास गरेको व्यक्तिबाट त्यस्ता फारामहरू भराउनु पर्ने,

(छ) आफू मार्फत जारी भएका बीमालेखको नवीकरण गर्न सम्बन्धित बीमकलाई जानकारी गराउने र सहयोग गर्नु पर्ने,

(ज) दाबी भुक्तानी सम्बन्धमा बीमितलाई सहयोग गरी समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने।

१२. <u>बीमितप्रतिको व्यावसायिक र कानुनी उत्तरदायित्वः</u> बीमा अभिकर्ताले बीमितप्रतिको उत्तरदायित्व पालना गर्दै बीमालेख सिफारिस गर्नुअघि बीमितको जोखिमको प्रकृति, वित्तीय क्षमता र आवश्यकताको विश्लेषण गरी सोको आधारमा मात्र बीमालेखको प्रस्ताव गर्नुपर्नेछ।

१३. <u>दुर्घटना बीमा गर्नुपर्नेः</u> बीमकले बीमा अभिकर्ताको सात लाख रुपैया बराबरको दुर्घटना बीमा गरिदिनुपर्नेछ।

## परिच्छेद- ५

## <u>इजाजतपत्र नवीकरण, खारेजी तथा बीमक परिवर्तन सम्बन्धी व्यवस्था</u>

१४. <u>बीमालेख नवीकरण भएको विवरण पेश गर्नुपर्नेः</u> जीवन बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण गर्न नियमावलीको नियम ४३ को उपनियम (१) को खण्ड (ख) बमोजिम नवीकरण योग्य अवधि पुगेका बीमालेख नवीकरण भएको प्रमाण पेश गर्नुपर्नेछ।

तर नवीकरणको अवधि नपुगेका बीमा अभिकर्ताहरुको हकमा यो व्यवस्था लागू हुने छैन ।

१५. <u>बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण नहुनेः</u> बीमा अभिकर्ताले ऐनको दफा ९३ बमोजिमको दायित्व पालना नगरेको कारणले सो हैसियतमा रही कार्य गर्न अयोग्य देखिएमा वा बीमितलाई हानी भएको प्रमाणित भएको खण्डमा निजको इजाजतपत्र नवीकरण हुने छैन।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

१६. <u>इजाजतपत्रको स्वेच्छिक खारेजी सम्बन्धी थप व्यवस्थाः</u> (१) नियमावलीको नियम ६४ बमोजिम बीमा अभिकर्ताको इजाजतपत्र स्वेच्छिक खारेजी गर्न निवेदन दिँदा नियमावलीको अनुसूची-७ बमोजिमको नियमन दस्तुर तिरेको प्रमाण पेश गर्नुपर्नेछ।

(२) स्वेच्छिक रुपमा इजाजतपत्र खारेज गरेको व्यक्तिले खारेज गरेको मितिले तीन महिनासम्म पुनः इजाजतपत्र प्रासिका लागि आवेदन गर्न पाउने छैन।

१७. <u>बीमक परिवर्तन सम्बन्धी व्यवस्थाः</u> (१) बीमा अभिकर्ताले बीमक परिवर्तन गर्नुपरेमा नियमावलीको नियम ४१ को उपनियम (४) को अतिरिक्त देहायका कागजातको प्रतिलिपि पेश गर्नु पर्नेछः-

(क) बीमा अभिकर्ताको इजाजतपत्र

(ख) अभिकर्ता हुन चाहेको बीमकबाट तालिम लिएको प्रमाणपत्र,

(ग) इजाजतपत्र शुल्क भुक्तानी गरेको निस्सा,

(घ) नियमन शुल्क भुक्तानी गरेको निस्सा।

(२) एक पटक बीमक परिवर्तन गरेको बीमा अभिकर्ताले बीमक परिवर्तन गरेको मितिले एक वर्षसम्म अर्को बीमक परिवर्तनको लागि आवेदन गर्न पाउने छैन।

## परिच्छेद- ६

## <u>विविध</u>

१८. <u>अभिलेख अद्यावधिक गर्न सकिनेः</u>(१) प्राधिकरणको अभिलेखमा रहेको कुनै विवरण वा इजाजतपत्रका लागि अनलाइन पोर्टल मार्फत पेश गरेका विवरणमा कुनै त्रुटि सच्याउनु पर्ने भएमा वा विवरण थपघट गर्नुपर्ने भएमा सम्बन्धित बीमकको सिफारिस सहित बीमा अभिकर्ताले त्यस्तो विवरण सच्याउन वा थपघट गर्न पाँच सय रुपैया दस्तुर प्राधिकरणको बैंक खातामा भुक्तानी गरेको प्रमाण संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा उल्लेखित कारण मनासिब भएमा प्राधिकरणले विवरण अद्यावधिक गरिदिनेछ।

(३) प्राधिकरणको अनलाइन पोर्टल मार्फत पेश गरेका विवरणहरु देहायको अवस्थामा उपदफा (१) बमोजिमको शुल्क लिई सम्बन्धित अभिकर्तासँग सनाखत गरी हटाउन सकिनेछः -

(क) एक भन्दा बढी बीमक मार्फत पेश हुन आएको प्रमाणित भएमा,

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(ख) झुक्यान वा प्रलोभनमा पारी कागजात तथा विवरण प्राप्त गरी निवेदन पेश हुन आएमा।

तर खण्ड (ख) बमोजिम झुक्यान वा प्रलोभनमा पारेको हो भनी निवेदकले प्रमाणित गर्नुपर्नेछ ।

१९. <u>बीमा अभिकर्ताको आचारसंहिता</u>: बीमा अभिकर्ताको आचारसंहिता अनुसूची-१ बमोजिम हुनेछ।

२०. <u>प्रतिवेदन पेश गर्नु पर्ने</u>: बीमकले बीमा अभिकर्ता सम्बन्धमा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र अनुसूची-२ बमोजिमको ढाचाँमा अनलाइन पोर्टल मार्फत प्रतिवेदन पेश गर्नु पर्नेछ।

२१. <u>परिचयपत्र दिनु पर्ने</u>: बीमकले बीमा अभिकर्ताको लागि प्राधिकरणबाट जारी इजाजतपत्र नम्वर लगायतका विवरण खुलाई परिचयपत्र दिनु पर्नेछ।

२२. <u>निरीक्षण तथा छानविन गर्न सक्ने</u>: (१) प्राधिकरणले बीमा अभिकर्ताको काम कारबाहीको जुनसुकै समयमा निरीक्षण वा छानबिन गर्न सक्नेछ।

(२) प्राधिकरणले निरीक्षण वा छानविनका लागि माग गरेका कागजपत्र, विवरण तथा तथ्याङ्क उपलब्ध गराउनु बीमा अभिकर्ताको कर्तव्य हुनेछ।

२३. <u>खारेजी र बचाउ</u>:(१) संस्थागत बीमा अभिकर्ता सम्बन्धी निर्देशिका, २०७८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

अनुसूची-१

(दफा १९ सँग सम्बन्धित)

## बीमा अभिकर्ताको आचार संहिता

बीमा ऐन, २०७९ को दफा ९३ को उपदफा (९) बमोजिम बीमा अभिकर्ताले पालना गर्नु पर्ने आचार संहिता देहाय बमोजिम हुनेछः-

१. बीमा अभिकर्ताले पालना गर्नुपर्ने कुराहरुः-

(क) इजाजतपत्रको प्रदर्शन र आधिकारिकताः बीमा अभिकर्ताले प्राधिकरणबाट प्राप्त आफ्नो इजाजतपत्र सधैं साथमा राख्नुपर्नेछ र ग्राहकले चाहेमा वा बीमा व्यवसाय सुरु गर्नु अघि अनिवार्य रूपमा त्यस्तो इजाजतपत्र देखाउनु पर्नेछ।

(ख) बीमक र स्वार्थको खुलासाः अभिकर्ताले आफूले प्रतिनिधित्व गरेको बीमकको यथार्थ विवरण जानकारी गराउनु पर्नेछ र बीमा सिफारिस गर्दा आफ्नो कुनै व्यक्तिगत वा वित्तीय स्वार्थ भएमा सोको समेत पूर्व जानकारी गराउनुपर्नेछ।

(ग) तथ्यपरक परामर्श र पूर्ण जानकारीः ग्राहकलाई बीमालेखमा उल्लेखित सम्पूर्ण सर्त, सुविधा, सीमा, अपवाद र दाबी प्रक्रियाका बारेमा बुझ्ने भाषामा पूर्ण जानकारी गराउनुपर्नेछ।

(घ) कागजात संकलन र बीमक समक्ष पेशः प्रस्ताव फाराममा खुलाउनु पर्ने सम्पूर्ण विवरणहरू खुलाउन लगाई, ग्राहकको पेशा, आयस्रोत र जोखिमाङ्कनका लागि आवश्यक विवरण/कागजातहरू बीमितबाट प्राप्त गरी बीमक समक्ष पेश गर्नुपर्नेछ।

(ङ) फाराम भराउने र प्रमाणीकरणः बीमा प्रस्ताव तथा स्वास्थ्य सम्बन्धी विवरण फाराम प्रस्तावक स्वयंबाट भराउनु पर्नेछ। प्रस्तावक निरक्षर वा असमर्थ भएमा निजले विश्वास गरेको व्यक्तिबाट भराई सोको जानकारी बीमकको प्रणालीमा प्रविष्ट गरी प्रस्तावकलाई समेत सोको पुष्टी गराउनुपर्नेछ।

(च) व्यावसायिक सेवा र दाबीमा सहयोगः निर्दिष्ट समयमा बीमाशुल्क बुझाउन, बीमालेख नवीकरण गर्न, इच्छाइएको व्यक्ति परिवर्तन गर्न, बीमालेख धितो राखी ऋण लिन तथा बीमितको दाबी भुक्तानी प्रक्रियामा सक्रिय समन्वय र सहयोग गर्नुपर्नेछ।

(छ) निर्णयको जानकारीः ग्राहकको बीमा प्रस्ताव स्वीकृत वा अस्वीकृत भएको बारेमा बीमकले गरेको निर्णय अविलम्ब जानकारी गराउनुपर्नेछ।

(ज) उपयुक्तता परीक्षणः बीमालेख सिफारिस गर्नुअघि बीमितको जोखिमको प्रकृति र वित्तीय क्षमताको लिखित वा मौखिक विश्लेषण गरी सोही आधारमा मात्र उपयुक्त बीमालेख प्रस्ताव गर्नुपर्नेछ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

२. बीमा अभिकर्ताले गर्न नहुने कुराहरुः-

(क) **अस्वस्थ प्रतिस्पर्धा तथा प्रलोभनः** बीमा बजारमा कुनै अस्वस्थ प्रतिस्पर्धा गर्न, अन्य बीमा अभिकर्ताको व्यवसायमा अनावश्यक दखल पुऱ्याउन वा बीमितलाई बीमालेख खरिद गर्न प्रोत्साहित गर्ने उद्देश्यले कमिसन फिर्ता दिने, उपहार दिने वा पोलिसी बाहिरका कुनै पनि गैर-कानूनी प्रलोभन देखाउन वा सोको कबोल गर्न।

(ख) **बिना इजाजत व्यवसायः** बीमा अभिकर्ताको इजाजतपत्र प्राप्त नगरी वा इजाजतपत्र नवीकरण नगरी बीमालेख बिक्री गर्न।

(ग) **गोपनीयता र सूचनाको इमानदारिताः** ग्राहकको बारेमा आफूलाई जानकारी भएको विवरणहरू सम्बन्धित बीमक बाहेकका अन्य व्यक्ति वा संस्था सामु प्रकट गर्न वा बीमितको स्वस्थ अवस्था, उपचारको अभिलेख, उमेर, आयस्रोत तथा कागजात विवरणहरू ढाँटी वा लुकाई बीमा गर्न।

(घ) **दुर्व्यवहार तथा करकापः** ग्राहकप्रति दुर्व्यवहार गर्न, अनावश्यक करकाप गर्न वा बीमितको इच्छा विपरित अनावश्यक रूपमा बीमालेख परिवर्तन गर्न प्रोत्साहन गर्न।

(ङ) **अनुचित आर्थिक लाभः** बीमालेख बापत प्राप्त हुने रकमको कुनै पनि अंश बीमित वा बीमितको हकवालाबाट लिन वा बीमा प्रस्ताव स्वीकृत नभएसम्म बीमाशुल्क वापतको रकम बुझिलिन।

(च) **दोहोरो भूमिका र स्वार्थको द्वन्द्वः** बीमा अभिकर्ता कुनै बीमकको तलवी कर्मचारी, परामर्शदाता, सर्भेयर, सल्लाहकार वा लेखापरीक्षक भई काम गर्न।

(छ) **दर र सर्तको उल्लंघनः** निर्धारित बीमादर उल्लंघन गरी व्यवसाय हात पार्न वा बीमालेखको अन्तिम बीमाशुल्क निर्धारण गर्न र बीमाको सेवा सर्तहरू आफैले तोक्न।

(ज) **भ्रामक प्रचारप्रसारः** आफू बीमा अभिकर्ता नभएको कुनै पनि बीमकको बारेमा वा आफूले प्रतिनिधित्व गर्ने बीमकको क्षमताको बारेमा गलत वा अतिरञ्जित प्रचार प्रसार गर्न।

(झ) **जालसाजी र किर्तेः** बीमक, बीमित वा अन्य पक्षसँग मिली वा नमिली बीमा सम्बन्धी कुनै जालसाजी वा किर्ते गरी, वा गलत विवरण वा कागजात तयार गरी बीमा गर्ने, दाबी प्राप्त गर्ने वा बीमक वा बीमितको हित विपरीत कार्य गर्न।

(ञ) **स्वामित्व र सञ्चालनमा बन्देजः** कुनै बीमकको बीमा अभिकर्ता भई कार्यरत व्यक्ति वा संस्था वा सो संस्थाका सञ्चालक वा निजको एकाघर परिवारको सदस्यले सम्बन्धित बीमकको संस्थापक वा सञ्चालक हुन वा आधारभूत शेयर स्वामित्व धारण गर्न।

(ट) **कानुनको उल्लंघनः** आफ्नो पेशागत व्यवसाय सञ्चालन गर्दा प्रचलित बीमा कानुन, भ्रष्टाचार निवारण ऐन, सम्पत्ति शुद्धीकरण निवारण ऐन वा अन्य प्रचलित कानुन उल्लंघन हुने गरी कार्य गर्न।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

अनुसूची-२

(दफा २० सँग सम्बन्धित)

## विवरण पेश गर्ने ढाँचा

### बीमा अभिकर्ताको बीमालेख सम्बन्धी विवरणः-

| क्र.सं. | बीमा अभिकर्ताको विवरण | जारी बीमालेख संख्या | जम्मा बीमाङ्क रकम | नवीकरण संख्या | बीमा समर्पण संख्या | व्यतित बीमालेख संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

### बीमा अभिकर्ताको तालिम सम्बन्धी विवरणः-

| क्र.सं. | बीमा अभिकर्ताको संख्या | बीमा अभिकर्ताको तालिम | | | अभिमूखिकरण तालिम | | | बीमा अभिकर्ताको नवीकरण संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मिति | स्थान | सहभागीको विवरण | मिति | स्थान | सहभागीको विवरण | | |
| | | | | | | | | | |